नेपाली

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

Vol.55 | 2026.03





इभेन्ट

## मागोमे बुन्सीमुरा ओजाकुरा माचुरी

**नागासी ओदोरी, आवा ओदोरी, हाइकु प्रतियोगिता गरिनुका साथै बुथहरू पनि हुने हुनाले जसले पनि मज्जा लिन सक्छ।**

2026 साल अप्रिल 5 तारिख (आइतबार)
12:00 pm~4:30 pm हल्का षाश भाए ताप विना आयोजाना गरि नोछ।

साकुरानामिकी पार्क, मागोमे साकुरा नामिकी दोओरी
(ओता सहर मिनामी मागोमे 4-48 देखि 6-11 वरिपरिसम्म)
*ओमोरी स्टेसन सान्नो एक्जिटबाट एबारामाची स्टेसनको इन्ट्रान्समा जाने बसमा "उसुदा साकासिता" मा ओर्लिएपछि हिँडेर 5 मिनेट

मागोमे विशेष उपशाखा कार्यालय
☎ 03-3774-3301 Fax 03-3774-4997

इभेन्ट

## पन्ध्रौं 21 सेइकी साकुरा माचुरी

**टोल समिति तथा टोल संघ, स्थानीय व्यापार सञ्चालकहरू, सम्बन्धित संस्थाहरू आदि एकजुट भई आपसी सम्बन्धलाई प्रगाढ बनाई यस क्षेत्रलाई बलियो बनाउने इभेन्ट हो। यस पटकको साकुरा माचुरीमा पनि हरेक पटक सबैले रुचाइदिनुभएको स्टेज, इभेन्ट कर्नर, फ्रि-मार्केट, बुथहरू जस्ता रमाइला कार्यक्रमहरू धेरै योजना गरिएका छन्।**

2026 साल मार्च 29 तारिख (आइतबार) 9:45 am~3:00 pm

ओता कुमिन प्लाजा
सिमोमारुको 3-1-3

यागुची विशेष उपशाखा कार्यालय
☎ 03-3759-4686 Fax 03-3759-1492
Email: yaguti@city.ota.tokyo.jp



## सूचना नियमको पालना गरी फोहोर फाल्नको लागि निकालौं

के तपाईं फोहोर वर्गीकरण गर्दा दोधारमा पर्नुभएको त छैन?
यस पटक हामीले निम्न 2 कुराहरूबारे जानकारी दिएका छौं।

1 ठूलो आकारको फोहोर

कुनै एक साइडको लम्बाइ लगभग 30 cm वा सोभन्दा बढी भएको सामानलाई ठूलो आकारको फोहोर मानिन्छ। वस्तुको प्रकारको आधारमा निर्णय गरिने हुनाले टुक्रा पारे तापनि त्यसलाई ठूलो आकारको फोहोरकै रूपमा वर्गीकरण गरिनेछ।

2 प्लास्टिक

ओता सहरमा अप्रिलदेखि प्लास्टिक वर्गीकरण गरेर सङ्कलन गर्ने व्यवस्था सुरु भएको छ। सङ्कलन गरेको प्लास्टिकको स्रोतको रूपमा पुनःप्रयोग गरी उपयोग भइरहेको छ। प्लास्टिकले मात्र बनेका कुराहरूलाई जल्ने फोहोरको दिनमा नभईकन, प्लास्टिकको दिनमा फाल्नको लागि निकाल्नुहोस्।
अन्य वर्गीकरण विधिहरूको लागि दुई-आयामी कोडबाट निश्चय गर्नुहोस्।

फोहोर न्यूनिकरण प्रवर्द्धन शाखा
कार्यक्रम प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1628
Fax 03-5744-1550

(विदेशी भाषा संस्करण स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) र फोहोर वर्गीकरण गर्ने तरिका र फाल्नको लागि निकाल्ने तरिकाको पम्प्लेट URL)



©Ota City

## सूचना आर्थिक वर्ष 2026 साल सामूहिक रूपमा रेबिज रोकथामको सुई लगाउने नियमित कार्यक्रम

कानुनमा कुकुर मालिकले आफ्नो कुकुरलाई हरेक वर्ष रेबिज रोकथामको सुई लगाई, कुकुरलाई सहरद्वारा जारी गरिएको सुई लगाएको प्रमाण ट्याग लगाउनुपर्ने कुरा तोकिएको छ। ओता सहरमा सुई लगाएको प्रमाण ट्यागको रूपमा रिबन टाइपको प्रयोग छनौट गरिएको छ। एकैसाथ रेबिज रोकथामको सुई र सुई लगाएको प्रमाण ट्याग जारी गर्न सकिने सुई लगाउने नियमित कार्यक्रम गरिन्छ।


©Ota City

2026 साल अप्रिल 11 तारिख (शनिबार)~अप्रिल 20 तारिख (सोमबार) सम्मको 10 दिनको अवधि

ओता सहरले तोकेको ओता सहर भित्रको पशु अस्पताल
(तोकिएको पशु अस्पताल। को जानकारीको लागि होमपेजमा हेर्नुहोस्।)


3,750 येन
विस्तृत विवरण: रेबिज रोकथामको सुईको शुल्क 3,200 येन र सुई लगाएको प्रमाण ट्याग जारी महसुल 550 येन

दायरामा पर्ने व्यक्तिहरू: ओता सहरका कुकुर पालिरहेका व्यक्तिहरू

कार्यान्वयन अवधि भित्र आफ्नो कुकुरलाई लिएर तोकिएको पशु अस्पतालमा जानुहोस्।

सम्बन्धित तोकिएको पशु अस्पतालमा निश्चय गर्नुहोस्।

ओता सहर सार्वजनिक स्वास्थ्य केन्द्र
स्वच्छता तथा सार्वजनिक स्वास्थ्य शाखा
☎ 03-5764-0670 Fax 03-5764-0711



## इभेन्ट काइस्यु* र नेदरल्यान्ड्स तथा बेलायत ~नौसैनिक तालिममा देखिने विदेशी आदानप्रदान~

*काइस्यु: काचु काइस्यु। 1823 साल (एदो कालको अन्त्यतिर) देखि 1899 साल (मेइजी काल) सम्म जीवित रहेको जापानी

नागासाकी र एदोमा गरिएका नौसैनिक तालिमसँग सम्बन्धित कागजातहरू आदिका आधारमा काचु काइस्यु र नेदरल्यान्ड्स तथा बेलायतसँगको सम्बन्धलाई स्पष्ट पारिन्छ।



2026 साल मार्च 13 तारिख (शुक्रबार)~अगस्ट 16 तारिख (आइतबार)
10:00 am~6:00 pm
*नियमित बिदा: सोमबार (सार्वजनिक बिदाको खण्डमा भोलिपल्ट)

काचु काइस्यु स्मारक भवन
ओता सहर मिनामिसेन्जोकु 2-3-1

सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

☎ 03-6425-7608　Fax 03-6425-7610

## सूचना यो भिडियोमा जापानमा बसोबास गर्नको लागि तपाईंले जान्नु पर्ने कुराहरू हेर्न सक्नुहुनेछ!

अन्य देश वा क्षेत्रहरू भन्दा जापानका दैनिक जीवनका नियम र मर्यादाहरू फरक छन्।

उदाहरण.....

- ☑ दैनिक जीवनयापन र सार्वजनिक सुविधाहरूका नियम तथा मर्यादाहरू
- ☑ यातायात नियमहरू
- ☑ फोहोर फाल्नको लागि निकाल्ने तरिका
- ☑ विपद् आइपरेको बेला र बिरामी भएको बेला अपनाउने उपायहरू

जस्ता विभिन्न अवस्थाहरूमा भिन्नताहरू हुने हुनाले तपाईं अलमलिन पनि सक्नुहुन्छ। नियम र मर्यादाहरू थाहा नभएमा झमेलामा पर्ने वा अपराधमा फस्न सक्ने सम्भावना हुन्छ। दैनिक जीवन सम्बन्धी ओरिएन्टेसन भिडियो (निर्माण: अध्यागमन सेवा एजेन्सी) हेरेर जापानका नियम तथा मर्यादाहरू सिकेर ढुक्क भई सुरक्षित दैनिक जीवन बिताऔं!

स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरबासी सहकार्य तथा बहुसांस्कृतिक सहजीवन कर्मचारी
☎ 03-5744-1227　Fax 03-5744-1323
Email: t-kokusai@city.ota.tokyo.jp

दैनिक जीवन सम्बन्धी ओरिएन्टेसन भिडियो
(अध्यागमन सेवा एजेन्सीको होमपेज)



©Ota City

## सूचना ओता सहर कम्युनिटी साइकल कार्यक्रम

ओता सहर कम्युनिटी साइकल भनेको ओता सहरद्वारा सञ्चालन गरिने साइकल सेयर सर्भिस हो। यो सञ्चालन निकाय दोकोमो बाइक सेयरले टोक्यो महानगर क्षेत्रीय सहकार्य सम्झौता गरेको टोक्यो महानगरपालिका भित्रका 17 सहरहरूमा स्थापना गरिएको साइकल पोर्ट (साइकल पार्किङ स्थल) भएमा, जुनसुकै ठाउँबाट पनि साइकल भाडामा लिन र फिर्ता गर्न सकिने शुल्क लाग्ने सर्भिस हो।

ओता सहर भित्र लगभग 200 ठाउँहरूमा पोर्टहरू छन्। (प्रयोगको लागि एप्लिकेसन डाउनलोड गर्नुपर्नेछ।)

एप्लिकेसनद्वारा निश्चय गर्नुहोस्। https://docomo-cycle.jp/tokyo/




©Ota City

## सूचना साइकल लक गर्नेबारे

ओता सहरमा स्थानीय नियम अनुसार साइकल लक आदि गरेर चोरी रोकथामका उपायहरू अपनाउनुपर्ने कुरा तोकिएको छ। चोरीबाट बच्नको लागि साइकलबाट थोरै मात्र टाढा जाने बेला, आफ्नो घर र साइकल पार्किङ स्थलमा साइकल राख्ने बेलामा पनि अनिवार्य रूपमा साइकल लक गर्नुहोस्। चोर्नलाई अझ बढी समय लाग्ने हुनाले, विशेष गरी दुई ठाउँमा लक गर्ने टु-लक प्रभावकारी हुन्छ। टु-लकद्वारा महत्त्वपूर्ण साइकललाई सुरक्षित राखौं।

## सूचना साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइनको बारेमा

- ओता सहरमा सहरको सडकहरूमा साइकल न्याभिगेसन मार्क र न्याभिगेसन लाइन बनाइएको छ।
- यसले सवारी साधनको मार्गको बायाँ छेउमा भएको र साइकल चलाउने ठाउँको संकेत गर्दछ।
- मार्क माथि, वाण चिन्हको दिशा तर्फ अरूलाई आवतजावत गर्ने ठाउँ छोड्दै चलाउनुहोस्।
- ट्राफिक लाइट नभएको चौबाटोहरूमा एक पटक रोकी, दायाँबायाँको सुरक्षा निश्चय गर्ने जस्ता यातायात नियम तथा मर्यादाको पालना गर्नुहोस्।
- सडकमा पार्किङ गरिएको सवारी साधनलाई ओभरटेक गर्दा, अनिवार्य रूपमा पछाडिपट्टिको सुरक्षा निश्चय गर्नुहोस्।



न्याभिगेसन मार्क　न्याभिगेसन लाइन

स्रोत: महानगरीय प्रहरी विभागको वेबसाइट

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा

☎ 03-5744-1315　Fax 03-5744-1527　E-mail：toshikan@city.ota.tokyo.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी

ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र

☎ 03-5744-1227　Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶